READ Nepal
Inspiring Rural Prosperity

PRACTICAL ACTION
Technology challenging poverty

संक्षिप्त प्राविधिक ज्ञान

# काँक्रो खेतीको परिचय र जातको छनोट

## उद्देश्य

- काँक्रो खेतीको लागि उपयुक्त हावापानी तथा जग्गा छनोटको बारेमा स्पष्ट हुने ।
- काँक्रोको महत्व, उपयोग तथा बजारको मागअनुसार काँक्रोको उपयुक्त जातको छनोट बारे स्पष्ट हुने ।

## प्राविधिक ज्ञान तथा कार्यविधि

- काँक्रो न्यानो हावापानीमा फस्टाउने एक लहरे तरकारी बाली हो । यसको खेती प्राय: सबै खालको हावापानीमा गर्न सकिन्छ ।
- काँक्रो खेतीका लागि पाहारलो, पानी नजम्ने तथा मलिलो बलौटे दोमट माटो उपयुक्त हुन्छ । काँक्रोलाई अन्य बालीसँग मिश्रित खेतीको रूपमा पनि लगाउन सकिन्छ । हालका दिनहरूमा काँक्रो खेती एक आयआर्जनको प्रमुख माध्यम समेत हुन पुगेको छ ।
- काँक्रोलाई काँचै तथा पकाएर पनि खाने गरिन्छ । काँक्रो अचार र सलादको रूपमा पनि प्रशस्त खाने प्रचलन छ जसले गर्दा यसको माग बजारमा बढदो अवस्थामा देखिन्छ ।
- तराई तथा मध्य पहाडमा काँक्रो खेतीका लागि निन्जा, मालिनी, के-१, महिको सेतो, महिको हरियो, डाइनेष्टि आदि वर्णशङ्कर जातका काँक्रो लगाइन्छ ।
- यसैगरी भक्तपुर लोकल र कुसले स्थानीय जातको काँक्रो तराई तथा मध्य पहाडी भागमा बढी लोकप्रिय छ ।
- मौसमी खेतीको रूपमा गरिने काँक्रो खेती तराईमा चैत्रदेखि जेष्ठ महिनासम्म लगाउन सकिन्छ र पहाडमा गरिने मौसमी काँक्रो खेतीका लागि बैशाखदेखि जेष्ठ महिनासम्म लगाउन सकिन्छ ।
- एक रोपनी अर्थात् डेढ कठ्ठा जग्गामा काँक्रो खेतीको लागि ४० देखि ५० ग्राम स्वस्थ बीउको आवश्यकता पर्दछ ।
- काँक्रोको बोट वृद्धि र फल लाग्न सरदर २५ देखि ३० डि. से. तापक्रम आवश्यक पर्दछ । रातको तापक्रम १० डि.से. भन्दा कम भएमा फल लाग्दैन । यदी फल लागिहाले पनि बाङ्गोटिङ्गो र सानो आकारको हुन्छन् ।

## छलफलका लागि प्रश्न

- काँक्रो कस्तो खालको हावापानी तथा माटोमा लगाउनु उपयुक्त हुन्छ ?
- तराई र मध्य पहाडका लागि उपयुक्त हुने काँक्रोका जातहरूमा कुन-कुन छन् ?
- हामीहरूले कुन-कुन जातका काँक्रो लगाउनु उपयुक्त हुन्छ र कति क्षेत्रफलमा लगाउनु पर्दछ ?

**नोट : प्रकाशकको अनुमति विना यस प्रकाशनको बिक्री वितरण वा कुनै पनि व्यापारिक प्रयोजनका लागि प्रयोग गर्न पाइने छैन ।**
*यस सामग्रीमा दिइएको जानकारी विभिन्न विज्ञको सल्लाह तथा अन्य संघसस्थाले प्रकाशन गरेका सामग्रीमा दिइएको जानकारीका आधारमा निर्माण गरिएका हुन् । यसमा समुदायले आफ्नो प्रयासमा गर्न सक्ने जानकारी दिइएको छ । तर विषेश परिस्थितिमा पुन सम्बन्धित विज्ञको सल्लाह लिनु पर्नेछ ।*